नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा
फोन नं. ०१०-५४०१३१/१३३
सूचना अधिकारी ९८५११६४४२२
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F
बागमती प्रदेश, नेपाल

प.सं.: २०८३/८४
च.नं.: ४६१

## ड्रोन उडान सम्बन्धमा अत्यन्त जरुरी सूचना।

मिति २०८३।०५।१० गते रसुवागढी नाका भई नेपाल प्रवेश गर्ने भोटेकोशी नदीमा आएको बाढीका कारण अधिकांश स्थलगत सवारी आवागमन ठप्प रहेको र सडक सञ्जाल पुनःस्थापित गर्ने कार्य द्रुततर रुपमा भईरहेको बेहोरा सर्वविदितै छ। विपद्पश्चात् प्रभावित क्षेत्रमा मानवीय उद्धार तथा राहत कार्यका लागि नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना र निजी क्षेत्रको समन्वयमा आवश्यकता एवम् प्राथमिकताका आधारमा हेलिकप्टर परिचालन भईरहेका छन्। यसरी उद्धार एवम् राहत व्यवस्थापन कार्य भईरहेको समयमा ड्रोन उडान हुँदा यसले हवाई सुरक्षामा गम्भीर जोखिम पैदा भई उद्धार एवम् राहत कार्यमा प्रत्यक्ष प्रतिकुल प्रभाव पुग्नुका साथै दुर्घटनाको समेत जोखिम रहेको हुँदा हेलिकप्टर उडानको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै "मानवरहित हवाई उपकरण RPA/Drone उडान सम्बन्धी कार्यविधि, २०७५" बमोजिम यस जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयको पूर्व स्वीकृती र समन्वय बिना ड्रोन उडान कार्य नगर्नु/नगराउनु हुन सम्बन्धित सम्पूर्ण सरोकारवाला एवम् सर्वसाधारणको जानकारीका लागि अनुरोध छ। नियमानुसार अनुमति नलिई ड्रोन उडान कार्य गरेमा कानून बमोजिम भईजाने बेहोरा समेत अनुरोध छ।

मिति: २०८३।०६।१६ गते, ने.सं. ११४६

(दिपेश रिजाल)
सहायक प्रमुख जिल्ला अधिकारी